नेपाल सरकार

**वन तथा वातावरण मन्त्रालय**

वाग्मती प्रदेश अन्तर्गत ललितपुर जिल्लाको गोदावरी नगरपापलिका वडा नं. १० मा निर्माण हुन लागेको **गोदावरी बहुउद्देश्यीय रंगशाला (Multipurpose Stadium)** निर्माणका लागी प्रस्तावित वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा राय सुझावको लागी आव्हान गरीएको

# सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७८/०३/१८)

श्री गोदावरी नगरपालिका नगरकार्यपालिकाको कार्यालय बज्रबाराही ललितपुर प्रस्तावक रही वाग्मती प्रदेश अन्तर्गत ललितपुर जिल्लाको गोदावरी नगरपालिका वडा नं. १० मा निर्माण हुन लागेको **गोदावरी बहुउद्देश्यीय रंगशाला** (Multipurpose Stadium) निर्माणका लागी प्रस्तावित वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार भई यस मन्त्रालयमा पेश भएको छ ।

प्रस्तावित **गोदावरी बहुउदेश्यीय रंगशाला** (Multipurpose Stadium) निर्माण आयोजना वाग्मती प्रदेशको ललितपुर जिल्लाको गोदावरी नगरपालिका वडा नं. १० मा रहने प्रतिवेदनमा उल्लेख भएको देखिन्छ । प्रस्तावित आयोजना कार्यान्वयनका लागी ३०१३२ वर्ग मिटर जग्गा आवश्यक पर्ने र उल्लेखित आयोजनाको Built up area १०५५५.४ वर्ग मिटर र त्यस रगंशालाको क्षमता १२७००-१३००० जना रहेको तथा यस आयोजनाले संचालनको चरणमा दैनिक ६८००० लिटर पानी आवश्यक पर्ने समेत प्रस्तावित प्रतिवेदनमा उल्लेख गरिएको छ । प्रस्तावित आयोजनाले नेपाल सरकारको स्वामित्व भएको ३.५ हेक्टर वन क्षेत्र (झ्यालुङ्कटार सामुदायिक वनको क्षेत्र ) प्रयोग गर्ने ब्यहोरा समेत प्रतिवेदनमा उल्लेख गरिएको छ ।

वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९ को उपनियम (६) बमोजिम यस प्रतिबेदनमा राय सूझाव दिनका लागी सर्वसाधरणले प्रतिबेदन पढ्न वा उतार गरी लैजान पाउने ब्यबस्था रहेकोले श्री गोदावरी नगरपालिका नगरकार्यपालिकाको कार्यालय बज्रबाराही ललितपुर प्रस्तावक रहेको **गोदावरी बहुउदेश्यीय रंगशाला** (Multipurpose Stadium) निर्माण आयोजना निर्माण गर्ने प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिबेदन देहाय बमोजिमका स्थानहरुमा सार्वजनिक गरिएको र वन तथा वातावरण मन्त्रालयको website: www.mofe.gov.np मा समेत सार्वजनिक गरिएको छ । प्रतिवेदनमा उपयूक्त राय सुझाव प्राप्त भएमा यस मन्त्रालयले उक्त प्रस्ताव कार्यान्वयनका लागी स्वीकृती दिने कममा त्यस्ता राय सुझावहरुलाई समेत ध्यानमा राखिनेछ । उक्त प्रतिवेदन सम्वन्धमा सर्वसाधारण ब्यक्ति वा संस्थाको कुनै राय सुझाव भए यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले सात (७) दिन भित्र आफ्नो राय सुझाव निम्न ठेगानामा पठाई दिनु हुन यसै सूचना द्वारा आव्हान गरिन्छ ।

**प्रतिवेदन हेर्न वा उतार गर्न सकिने स्थानहरू :**

श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको पुस्तकालय, बबरमहल, काठमाण्डौं ।
श्री त्रिभुवन विश्वविद्यालयको केन्द्रिय पुस्तकालय, किर्तिपुर काठमाण्डौं ।
श्री नेपाल राष्ट्रिय पुस्तकालय हरिहर भवन काठमाण्डौं ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सिंहदरवार, काठमाण्डौं ।
श्री पुस्तकालय, सङ्घीय संसद सचिवालय, सिंहदरवार काठमाण्डौं ।
श्री नेपाल आदीवासी जनजाती महासघं एकान्तकुना, ललितपुर ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, ललितपुर ।
श्री नगर कार्यपालिकाको कार्यालय गोदावरी, ललितपुर ।

**राय सुझाव पठाउने ठेगाना**

वन तथा वातावरण मन्त्रालय,
वातावरण प्रभाव मूल्याग्न शाखा
सिंहदरवार, काठमाण्डौं ।
फोन. नं. ०१-४२११५६७,४२११६३८
फयाक्स नंः ०१-४२११६३८